**बैठक संख्या- ९**
**मिति २०७९।०८।२२ गते**
**समय: विहान ८ बजे**

**प्रस्तावहरु**

१. पुर्व बैठकको समिक्षा सम्वन्धमा ।
२. स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको स्थानीय ग्रेड सम्वन्धमा ।
३. वडा नं. १ मा परेवाकोट जाने सडक सम्बन्धमा ।
४. सिटि हल को धरौटी फुकुवा तथा रकम कट्टा गर्ने सम्बन्धमा ।
५. योजना माग सम्वन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा ।
७. TOR स्वीकृत गर्ने सम्वन्धमा ।
८. कर्मचारीलाई प्रोत्साहन/स्थानीय भत्ता सम्बन्धमा
९. कर्मचारी भर्ना सम्वन्धमा ।
१०. योजना संसोधन सम्वन्धमा ।
११. विविध सम्वन्धमा
    **क)** वडा नं २ को बुद्ध शान्ति माविले टेण्डर सुचारु गर्न माग गरेको आवश्यक सहयोग सम्वन्धमा ।
    **ख)** वडा नं ४ को घरधुरी सर्वेक्षण
    **ग)** शान्तिकुञ्जमा रहेको सार्वजनिक जग्गाको उपयोग सम्वन्धमा

**निर्णयहरु**

**<u>निर्णय नं. १</u>**

यस पुर्व मिति २०७९।०६।९ गते बसेको कार्यपालिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो ।

**<u>निर्णय नं. २</u>**

राप्ती नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवामा कार्यरत छैठौ/सातौ तहका कर्मचारीहरुलाई स्थानीय तहमा समायोजन भएपछि सो स्तरका कर्मचारीहरुले पाउने ग्रेड संख्या ८ पुगेको र प्राविधिक ग्रेड २ र समायोजन ग्रेड २ गरी कूल १२ ग्रेड हुनुपर्नेमा हालसम्म समायोजन ग्रेड सहित जम्मा अधिकतम १० ग्रेड कायम गरी सुविधा प्रदान गर्दै आएकोले निजहरुलाई मर्का पर्न गएको भनी छैटौ र सातौ तहमा कार्यरत स्वास्थ्य कर्मीहरुले निवेदन पेश गरेकोले निजहरुलाई २ ग्रेड थप उपलब्ध गराउने र तलबी प्रतिवेदन पारित गर्दा सो ग्रेड कायम हुन नसकेमा साविक ग्रेड नै उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

राप्ती नगरपालिका वडा नं. १ अन्तर्गत रहेको प्रगतिशिल टोल विकास संस्थाले लोथर ग्राउण्ड देखि खप्टेनी बैधेपानी लान्द्राङ हेनाइवाङ र सिमलघाट झोलुङ्गे पुल सम्म मोटरबाटोमा ठाउँ ठाउमा वर्षाको पानीले भत्की आवतजावत गर्नका लागि बाटो अवरोध भएकोले उक्त बाटो मर्मत गरिएको गर्दा लागेको लागत जे.सि.वि खर्च रु ८५५०४।२७ यस कार्यालयको खर्च शिर्षक २७२१२ को विपत व्यवस्थापनबाट कट्टा हुने गरी फ्रेन्डसिप कन्स्ट्रकसनको नाममा भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

यस राप्ती न.पा. वडा नं ०२ मा निर्माण भएको Construction of Conference Hall (Auditorium Hall) Ward No. 2 Rapti Municipality (Contract ID No: 03/Works/NCB/RM/076/077) को निर्माण कार्य श्री महाकाली देवी कन्स्ट्रक्सन कम्पनी प्रा.लि. राप्ती ०९, ले मिति २०७७/०६/०८ मा सम्झौता गरि मिति २०७८/०६/०५ मा उक्त निर्माण कार्य सम्पन्न गरेको| निर्माण सम्पन्न पश्चात् अन्तिम कुल बिल बमोजिम रकम रु. १,०४,६६,००७.६७ तथा भ्याट(१३%) रकम रु. १३,६०,५८१.०० गरि जम्मा रकम रु. १,१८,२६,५८८.६७ ( अक्षेरुपि एक करोड अठार लाख छब्बीस हजार पाँच सय अठासी रुपैया सडसठी पैसा ) भुक्तानी भएको र सम्भार अबधि पश्चात गर्नु पर्ने मर्मत सम्भारका कार्य गराई पुनः

परिमाण नापजाँच गरी कुल मुल्यांकन गर्दा हाल अन्तिम बिल बमोजिम रकम रु.१,०१,१५,५९५.५१ र भ्याट रु. १३,१५,०२७.४२ गरि जम्मा रु. १,१४,३०,६२२.९३ मात्र भुक्तानी हुनु पर्ने आएको हुँदा पहिले भुक्तानी भएको अन्तिम बिल रकम रु. १,०४,६६,००७.६७ तथा भ्याट(१३%) रकम रु. १३,६०,५८१.०० गरि जम्मा रकम रु. १,१८,२६,५८८.६७ मा रु. ३,५०,४१२.१७ तथा भ्याट (१३%) रकम रु. ४५,५५३.५८ गरि जम्मा रकम रु. ३,९५,९६५.७५ (अक्षेरुपि तीन लाख पंचानब्बे हजार नौ सय पैसठ्ठी रुपैया पचहत्तर पैसा) यस कार्यालयमा मौजुदा धरौटी रकमबाट कट्टा गरि बाँकि रहेको रकम मात्र धरौटी निकासा गर्ने र कार्य सम्पादन जमानत Performance Bond (P.B.) फुकुवा गर्ने सर्वसम्मत निर्णय गरियो।कार्यपालिकको यस निर्णयको तत्काल कार्यान्वयन गर्न नगर कार्यपालिका कार्यालयलाई सर्वसम्मत निर्देशन दिइयो ।

**निर्णय नं. ५**

विभिन्न वडाहरुबाट सिफारिश गरी देहायका योजनाहरु माग भइ आएको सन्दर्भमा उक्त योजनाहरुमा बजेट विनियोजन गरी नगरप्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतस्तरबाट यस अघी निर्णय भइ कार्यान्वयनमा गएका सम्पूर्ण आयोजनाहरु स्वीकृत तथा अनुमोदन गरियो । साथै स्वीकृत हुन वा सम्झौता हुन बाँकी भएका भए सबै आयोजनाहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । र उक्त योजनाहरुको सम्झौता यथाशिघ्र अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**देहाय**

| **1** | **विपन्न आवास** | | **5,000,000.0** | |
|---|---|---|---|---|
| **क्र सं** | **योजनाको नाम** | **वडा नं** | **विनियोजित रकम** | **कैफियत** |
| 1 | अमर बहादुर विश्वकर्मा घर निर्माण | | 50,000.0 | |
| 2 | अर्जुन मुक्तानको घर निर्माण | ५ | 200,000.0 | |
| 3 | राम बहादुर बोहराको आवास निर्माण | ९ | 200,000.0 | |
| 4 | लिला कार्कीको आवास निर्माण | ६ | 200,000.0 | |
| 5 | मोहनी लाल थपलिया आवास निर्माण | २ | 200,000.0 | |
| 6 | बृन्दा परियार आवास निर्माण | ११ | 200,000.0 | |

| | | | | |
|---|---|---|---|---|
| 7 | मंगल बहादुर प्रजाको आवास निर्माण | १० | 200,000.0 | |
| 8 | डिल बहादुर सुन्दासको आवास निर्माण | | 100,000.0 | |
| 9 | अर्जुन ईटनी आवास निर्माण | ४ | 200,000.0 | |
| 10 | उषा श्रेष्ठ आवास निर्माण | ९ | 300,000.0 | |
| 11 | नर बहादुर राई आवास निर्माण | १ | 200,000.0 | |
| 12 | दल बहादुर राई आवास निर्माण | १ | 200,000.0 | |
| 13 | माईली राई दनुवार आवास निर्माण | ४ | 200,000.0 | |
| 14 | राजकुमार श्रेष्ठ आवास निर्माण | २ | 200,000.0 | |
| 15 | दुर्गा बहादुर श्रेष्ठ आवास निर्माण | ४ | 200,000.0 | |
| 16 | चन्द्र प्रसाद थपलिया आवास निर्माण | ६ | 200,000.0 | |
| 17 | सुदन सार्की आवास निर्माण | | 350,000.0 | |
| 18 | सिमा घिमिरे आवास निर्माण | | 200,000.0 | |
| 19 | भिम बहादुर भि के आवास निर्माण | | 300,000.0 | |
| 20 | पान कुमारी तमाङ आवास निर्माण | | 300,000.0 | |
| 21 | सोममाया तमाङ आवास निर्माण | | 300,000.0 | |
| 22 | गोपाल मोक्तान आवास निर्माण | | 300,000.0 | |
| | | | 4,800,000.0 | |
| **2** | **खहरेखोला व्यवस्थापन** | | **2,500,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |
| 1 | दबदबेघारी दुधकोशी खोलामा तटबन्धन | | 2,000,000.0 | |
| | | | | |
| **3** | **अत्यावश्यक सिंचाई** | | **2,500,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |

| | | | | |
|---|---|---|---|---|
| 1 | प्रेमपुरी भुमिगत सिँचाई योजना र क्याम्पा कुलो बिस्तार | | 1,564,289.0 | |
| 2 | मुडाभार कुलो मर्मत | | 300,000.0 | |
| 3 | पर्सौनी कुलो मर्मत | | 650,000.0 | |
| 4 | सिसावास कुलो खोल्ने कार्य | | 122,000.0 | |
| | | | 2,636,289.0 | |
| **4** | **अत्यावश्यक खानेपानी** | | **2,000,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |
| 1 | भण्डारा मा बि खानेपानि व्यवस्थापन | | 400,000.0 | |
| 2 | शितल सामुदायिक सिँचाई | | 800,000.0 | |
| 3 | सतिसाल खानेपानी आयोजना | | 350,000.0 | |
| 4 | ईन्टेक निर्माण र खानेपानि पाईप खरिद | | 160,000.0 | |
| | | | 1,710,000.0 | |
| **5** | **दलित उत्थान** | | **1,500,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |
| 1 | आईत बहादुर बिक आरन छाउन जस्तापाता | | 23,600.0 | |
| | निल बहादुर बिक पक्की शौचालय निर्माण | | 30,000.0 | |
| | गिर बहादुर कामी शौचालय निर्माण | | 30,000.0 | |
| | दल बहादुर बि क शौचालय निर्माण | | 30,000.0 | |
| | राम बहादुर बि क शौचालय निर्माण | | 30,000.0 | |
| | | | 143,600.0 | |
| | | | | |
| **10** | **संस्कृति प्रवर्द्धन** | | **2,500,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |
| 1 | शिव मन्दिरको अधुरो काम सम्पन्न | | 200,000.0 | |
| 2 | श्री स्टार तथा द राईफल युनिट | | 200,000.0 | |
| ३ | ईभान्जेलीकल मित्र मण्डली भवनमा जिप्सन लगाउने | | 200,000.0 | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री च्योमदेन दे ढा च्योम गुम्बा | | 200,000.0 | |
| ५ | बाघदेवी मन्दिरमा रंगरोगन मर्मत | | 300,000.0 | |
| ६ | मार्तल चर्च गेट निर्माण | ११ | 200,000.0 | |
| ७ | श्री थेग्छेन ग्याछोलिङ बौद्ध गुम्बा | | 200,000.0 | |
| ८ | श्री बनदेवी माई सिद्ध महादेव मन्दिर मर्मत तथा रेलिङ निर्माण | | 475,000.0 | |
| ९ | क्याम्पा टोलको चर्चमा ट्रस निर्माण | | 400,000.0 | |
| १० | कुपनटोल काजकृया ढिकुरो संरक्षण कार्य | | 500,000.0 | |
| | | | 2,875,000.0 | |
| **११** | **विपद् व्यवस्थापन** | | **7,000,000.0** | |
| **क्र सं** | **योजनाको नाम** | | **विनियोजित रकम** | **कैफियत** |
| १ | शितल टोल बगरी खोलामा कच्ची तटबन्धन | | 450,000.0 | |
| २ | जामुने कुलो खोलामा तटबन्धन | | 200,000.0 | |
| ३ | युग मित्र भुमि सडक निर्माण | | 450,000.0 | |
| ४ | रसौली गाउँ ज्योति तिवारीको घरको चोकबाट चर्चसम्मको ग्राबेल | | 200,000.0 | |
| ५ | विरन्द्रनगर बसबिसौनी पुन निर्माण | | 60,000.0 | |
| ६ | वाड ५ अन्तर्गत विभिन्न बाटोमा ग्राबेल | | 150,000.0 | |
| ७ | गोर्खालीटोल बाटो निर्माण | | 680,000.0 | |
| ८ | वडा नं १ रोड मर्मत कार्य | | 450,000.0 | |
| ९ | ह्युमपाईप खरिद तथा जडान (गणेश प्रसाद पाठक ) | | 37,500.0 | |
| १० | रासी प्रतापपुर माउ सरसफाई योजना | | 240,000.0 | |
| ११ | चित्रकोट मार्गको बाटो मर्मत संभार | | 250,000.0 | |

| | | | | |
|---|---|---|---|---|
| १२ | रुख बैरी जाने बाटोमा ग्राबेलको काम | | 670,000.0 | |
| १३ | माउ कुलोको बाध खोला डाईभरसन कार्य | | 300,000.0 | |
| १४ | सारु एकिकृत फर्म मर्मत कार्य | | 50,000.0 | |
| १५ | थलीमाया सार्की घर छेउको पहिरो नियन्त्रण | | 450,000.0 | |
| १६ | झुरझुरे रातोमाटे डाँडा पहिरो नियन्त्रण | | 1,000,000.0 | |
| १७ | सिसबास पर्सौनी निर्माण तथा पर्खाल मर्मत | | 625,000.0 | |
| १८ | ईन्द्र बहादुर प्रजाको आवास निर्माण | १ | 200,000.0 | आगलागी |
| १९ | मनिषा चेपाङको आवास निर्माण | १ | 200,000.0 | आगलागी |
| २० | सरोज चेपाङको आवास निर्माण | १ | 200,000.0 | आगलागी |
| | | | 6,862,500.0 | |

**निर्णय नं. ६**

विभिन्न वडा कार्यालयहरुको निर्णयको आधारमा प्रस्ताब भइ गएको देहाय बमोजिमको आर्थिक सहायता रकम अनुमोदन गर्ने निर्णय गरियो ।

साथै यस पालिकामा आर्थिक सहायताका लागि माग भएका देहायका व्यक्ति संघ संस्थालाई देहाय बमोजिम सहयोग सहयोग गर्ने निर्णय गरियो ।

देहाय

वडाबाट गएको ।

| क सं | वडा नं | सहायता प्राप्त गर्नेको नामथर | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | राधा सेढाई | आर्थिक सहायता | ४० हजार | वडाको शिर्षकबाट |
| २ | २ | सन्तोष ठकुरी | आर्थिक सहायता | १५ हजार | बडाको शिर्षकबाट |
| ३ | | | | | |

पालिकाबाट उपलब्ध गराउने ।

| क सं | वडा नं | सहायता प्राप्त गर्नेको व्यक्ति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्था नामथर | | | |
| १ | ४ | नर्जला हुँमागाइ | विविध कार्यक्रम | २५ हजार | |
| २ | २ | दिपक प्रजा | विविध कार्यक्रम | १५ हजार | |
| ३ | ३ | मानव सेवा आश्रम | विविध कार्यक्रम | १ लाख | |
| ४ | ५ | डाइमण्ड फिटनेस सेन्टर | खेलकुद | ७० हजार | |
| ५ | ५ | रासी युथ इन्टरटेन्मेन्ट | खेलकुद | ५० हजार | |
| ६ | २ | सुरदेवी ब्रह्मस्थानी मार्ग | | १० लाख | |
| ७ | ७ | शान्ति मार्ग | | १० लाख | |
| ८ | २ | टासी छ्योलिङ्ग युङ्गले लाखाङ्ग गुम्बा | | ५ लाख | |
| ९ | ७ | वडा नं ७ कार्यालय मोज्याइक टायल | | ५ लाख | |
| १० | | खुला व्यामशाला निर्माण पिप्ले भण्डारा विरेन्द्रनगर ३ स्थानमा | | २० लाख | |
| ११ | | रत्ननगर मेयरकप खुला फूटबल प्रतियोगिता | | १५० हजार | |
| १२ | | नेपाल प्रहरी | | | |

**निर्णय नं ७**

रासी नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०५/०६ बैठक संख्या ६ निर्णय नं ९ बमोजिम नगरपालिका भित्रका विभिन्न खोलाहरुको प्रारम्भिक बातावरणीय मुल्याङ्कन (IEE) गर्ने निर्णय भएकोमा रासी नगरपालिकामा पर्ने लोथर खोला, दुधकोशि/च्यात्रा खोला र पम्फा/कोरङ खोला गरी जम्मा ३ वटा क्षेत्रहरु समेटी ३ विभिन्न कन्सल्टेन्सीलाई IEE गर्ने जिम्मेवारी दिइएकोमा ३ नै क्षेत्रको छुट्टाछुटौ TOR पेश हुन आएकोले रासी नगरपालिकाको प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७७ को दफा ४ बमोजिम पेश हुन आएको उक्त TOR स्वीकृत गरी थप कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ८**

रासी नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधि २०७५ लाई प्रस्तावमा पेश भए बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ९**

रासी नगरपालिकामा विभिन्न कारणले रिक्त हुन पुगेका नापी सर्वेक्षक, सूचना प्रविधि अधिकृत, MIS अप्रेटर, कम्प्युटर अप्रेटर र प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको प्राविधिक सहायक र सहायक कर्मचारी, हल्का सवारी चालक पद २, कृषितर्फ लागयत रिक्त अन्य प्राविधिक पदहरु स्थायी पूदपूर्ति नहुँदासम्मको लागि करारबाट पदपूर्ति गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १०**

रासी नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजना तथा कार्यक्रममा परेका निम्नानुसारका योजनाहरुको स्थानीयको माग र आवश्यकता को आधारमा देहायबमोजिम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क स | साविक योजनाको नाम | वडा नं | संसोधित योजना | रकम रु |
|---|---|---|---|---|
| १ | अविनाश पुनको घर देखि .... सडक ढलान वडाको २ लाख र नगरको १० समेत | ५ | सोहि स्थानमा नाला निर्माण | १२०००००।- |
| २ | राम कृष्ण कंडेलको घर बाट उत्तर जाने बाटो | ४ | सोहि स्थानमा नाला निर्माण | २,००,०००।- |
| ३ | टोल विकास संस्था अभिमुखिकरण | ६ | विविध खर्च | रु २००,००० |
| ४ | आर्दश बोर्डिङ जाने बाटो ग्रावेल | ६ | पढरिया भित्रि बाटो ग्रावेल | १,००,०००।- |
| | | | टोल विकास संस्था मार्फत विजुली वत्ति जडान | २,००,०००।- |
| ५ | वडा कार्यालय प्रयोजनका लागि सवारी साधन खरिद | ६ | मोटरसाईकल खरीद | ३,००,०००।- |

**निर्णय नं ११ विविध**

क) वडा नं २ को बुद्ध शान्ति माविले माग गरेको आवश्यक सहयोग सम्वन्धमा छलफल हुँदा विधालयले आफ्नो स्वामित्वमा रहेको जग्गा भाडा लगाउन टेण्डर आवह्वान गरी सबैभन्दा बढी बोलकबोल वालाको प्रस्ताब स्वीकृत गरेकोमा ठेकेदारले काम सुचारु गर्न जग्गामा रहेको पूरानो मक्किएको बरको रुख हटाएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो । साथै भाडामा उपलब्ध गराएको जग्गाभित्र अन्य रुखहरु भइ काम कार्वाहीमा अवरोध आएको भए प्रकृया पुरा गरी हटाउन विधालयलाई अनुमती दिने निर्णय गरियो ।

ख) वडा नं ४ को घरधुरी सर्वेक्षण सम्वन्धमा ।

वडा नं ४ ले वडाको प्रोफाइल तयार गर्न गणकहरु छनौट गरी काम काज लगाएकोमा गणकले आफ्नो कार्य सम्पन्न गरी भुक्तानी माग गर्न आएकोमा निजहरुलाई प्रति घरधुरी ३८ का दरले भुक्तानी दिने निर्णय गरियो ।

**ग)** यस नगरपालिका वडा नं ७ को शान्ति कुञ्जमा रहेको करीब १० बिघा सार्वजनिक जग्गामा रासी नगरपालिकाभर जमिन नभइ घर निर्माण हुन नसकेका नागरिकहरुको लागि एकीकृत वस्ती बसाउने निर्णय गरियो ।